# धुनिवेशी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

## विद्यालय लेखा परीक्षणको लागि आशय पत्र पेश गर्ने सम्बन्धि सूचना।
(प्रथम पटक प्रकाशित मिति २०८३ असोज ९ गते)

यस धुनिवेशी नगरपालिकाको विद्यालय लेखा परीक्षण कार्यविधि, २०८१ बमोजिम लेखा परीक्षक छनौट समितिको मिति २०८३।६।८ को निर्णयानुसार यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको आ.ब.०८२/०८३ को अन्तिम लेखा परीक्षण यस नगरपालिकाको विद्यालयको लेखा परीक्षण कार्यविधि २०८१ को अधिनमा रही गर्न ईच्छुक व्यक्ति/संस्था/कम्पनी वा फर्मले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र धुनिवेशी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा तपसिल बमोजिमका कागजात सहितको आशय पत्र पेश गर्न हुन कार्यविधिको दफा ३ (१) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै संस्थागत विद्यालयहरुको हकमा कार्यविधिको दफा ३ (२) बमोजिम सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय गराई लेखा परीक्षण गर्नका लागि योग्यता पुगेका कम्तीमा ३ वटा व्यक्ति/संस्था/कम्पनी वा फर्मको विवरण सहितको नाम सिफारिस गरी यसै सूचना अवधिभित्र पेश गर्न हुन सूचित गरिन्छ।

...................
विनोद कुमार खनाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल:**

(क) लेखापरीक्षकको फर्म वा कम्पनी दर्ता र नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।
(ख) आन्तरिक राजश्व कार्यालयबाट कर दर्ता प्रमाण पत्र र आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
(ग) लेखापरीक्षक वहालवाला कर्मचारी भए विभागीय स्वीकृति पत्रको प्रतिलिपि।
(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
(ङ) भ्याट वा प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि।
(च) कालोसूचीमा नपरेको स्वयम घोषणाको पत्र।
(छ) धुनिवेशी नगरपालिकाको आर्थिक ऐन, २०८३ बमोजिम राजश्व शाखामा लेखा परीक्षण सेवा शुल्क वापत रकम जम्मा गरेको भौचर।

**नोट :** धुनिवेशी नगरपालिकाको विद्यालयको लेखा परीक्षण कार्यविधि, २०८१ नगरपालिकाको Website: dhunibeshimun.gov.np मा रहेको छ।

**बोधार्थ :** श्री सूचना प्रविधि शाखा, धुनिवेशी नगरपालिका ( सूचना नगरपालिकाको Website र Face book Page मा राखिदिनु हुना)



CamScanner